जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २८२ २०७९ साल असार ६ गते सोमबार (20 June 2022 Monday) मूल्य रु. ५/-

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : २१ खर्ब खर्चेर आत्मनिर्भर.. ३ पृष्ठमा : चालु आव सकिन २७ दिन ... ३ पृष्ठमा :भारतको आसाम र मेघालयमा...

# असार १२ गते जिल्ला समन्वय समिती सप्तरीको निर्वाचन




**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

जिल्ला समन्वय समिती सप्तरीको निर्वाचनको मिति तय भएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालय राजविराजद्वारा आइतबार जारि सूचनामा निर्वाचन कार्यक्रम प्रकाशित गरिएको हो।

मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञावालीद्वारा हस्ताक्षरित सूचनामा असार ७ गतेदेखी असार १२ गतेसम्म निर्वाचनको विभिन्न कार्यक्रमहरु तय गरिएको छ।

सूचनामा असार ७ गते मतदाता नामावली प्रकाशन गर्ने र सोही दिन मतदाता नामावली सच्याउन र छुट नाम समावेश गर्न दरखास्त तथा संशोधित मतदाता नामावली प्रकाशन गर्ने उल्लेख छ।

त्यस्तै असार ८ गते मातदाताको बिरोधमा उजुरी दिने, मतदाताको बिरोधमा परेको उजुरी उपर जाँचबुझ गर्ने र अन्तिम मतदाता नामावली प्रकाशन गर्ने जनाइएको छ।

यसैगरि असार ९ गते उम्मेदवारको मनोनयन दर्ता, मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन र उम्मेदवारको बिरोधमा उजुरी दिने कार्यक्रम तय गरिएको छ।

त्यस्तै असार १० गते मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गर्ने, उम्मेदवारको नामावली प्रकाशन तथा उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

असार ११ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरि असार १२ गते मतदान गर्ने कार्यक्रम तय गरिएको सो सूचनामा उल्लेख छ।

१८ स्थानीय तह रहेको सप्तरीमा जिल्ला समन्वय समितिका कुल ३६ मतदाता रहेका छन्। ती मध्ये नेपाली काँग्रेसको सर्वाधिक १२ मत रहेको छ। यस्तै जसपाको ८, लोसपाको ५, नेकपा एमालेको ४, जनमत पार्टीको ३ तथा नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत समाजवादी संग २/२ मत रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

# उपप्रमुख साहमाथी महिलाद्वारा चप्पल प्रहार

**दैनिक समाचारदाता**
**जनकपुर, ५ असार ।**

जनकपुरधाम उपमहा नगरपालिकाका उपप्रमुख किशोरी साहमाथि ञ्स्आइतबार एक महिलाले चप्पल प्रहार गरेकी छिन्।

जनकपुरधाम उपमहा नगरपालिका २३ बेलागाउँस्थित अतिक्रमण गरिएको जग्गा खाली गराउन माग गर्दै ज्ञापन पत्र बुझाउन आएको समूहमा रहेकी एक महिलाले उपप्रमुख साहमाथि चप्पल प्रहार गरेकी हुन्।

बेला गाउँका स्थानीय समाजसेवी एवं दाताहरुले रामजानकी दुल्हा भगवान कुटीलाई प्रदान गरेको १७ बिघा १५ कट्ठा जग्गा केही समययता टुक्रा-टुक्रा पारी बेचबिखन हुन थालेको भन्दै स्थानीय वासिन्दाले त्यसलाई रोक्न माग गर्दै नगर प्रमुखलाई ज्ञापनपत्र बुझाउन आएका थिए।

नगर प्रमुख कार्यालयमा नभेटेपछि उनीहरुले उपप्रमुख किशोरी साहलाई ज्ञापन बुझाए। ज्ञापन बुझेपछि उपप्रमुख साहले कार्यालय प्रांगणमा सम्बोधन गर्न

*बाँकी अन्तिम पृष्ठमा*

# मतदाता नामावली संकलन प्रक्रियालाई सहज बनाउनुपर्नेमा जोड

**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

मतदाता नामावलीमा महिला, दलितलगायत सिमान्तकृत समुदायको पहुँच सुनिश्चिताका लागि मतदाता संकलन प्रक्रियालाई सहज बनाउनुपर्नेमा सरोकारवाला निकायले माग गरेका छन।

आईतवार राजबिराजमा दलित सरोकार मंच कंचनरूप नगरपालिका ८ द्वारा आयोजित जिल्ला स्थित सरोकारवाला सँगको अन्तरक्रिया कार्यक्रम सरोकारवाला निकायहरूले सो माग गरेका हुन्।

उक्त कार्यक्रममा संस्थाका दलित अगुवा तथा अभियन्ता भोला पासवानले मतदाता

*बाँकी अन्तिम पृष्ठमा*




# ग्रामिण बस्तीमा होम बायो ग्यास प्लान्ट बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

राजबिराज नगरपालिका नगर प्रमुख भिमराज यादबले राजबिराज नगरपालिका वडा ९ स्थित बिहारपुरमा होम बायो ग्यास प्लान्ट बितरण गरेका छन्।

आईतवार नगर प्रमुख यादबले वडा ९ को कार्यालयको परिसरमा वडाका १० जनालाई परिवारलाई बायो ग्यास प्रदान गरेका हुन्।

राजबिराज नगरपालिकाको सशर्त अनुदान कार्यक्रम अन्तर्गत ईजरायली प्रबिधिको होम ग्यास प्लान्ट हस्तान्तरण गरिएको वडा अध्यक्ष जवाहिर यादबले जानकारी दिए।

बढ्दै गएको एलपी ग्यास र वायु वातावरणले हुने समस्याका कारण बैकल्पिक रूपमा यो प्लान्ट संचालनमा ल्याउन लागेको आबिस्कार ईनर्जी प्रा.लि का महाप्रबन्धक तिलक श्रेष्ठले बताए।

ग्रामिण बस्तीका गाईबस्तु भएका परिवारलाई मध्यनजर गर्दै ल्याईएको बायो ग्यास प्लान्ट जडान गर्न सुरूमा २१ क्विन्टल गोबर समथर ठाउमा राखेर प्रबिधि अपनाएर ग्यास प्लान्ट जडान गर्न सकिने श्रेष्ठको भनाई छ।

कुल ८० हजार पर्ने बायो

*बाँकी अन्तिम पृष्ठमा*

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# महँगीको मारमा जनता

बजारमा दैनिक उपभोग्य सामानहरुको मूल्य आकाशिएको छ। पसलेहरुले जथाभावी मूल्य कायम गरेका छन्, उपभोक्तालाई कुनै जानकारी छैन। यसतर्फ सरकारको ध्यान जान सकेको छैन्। कुनै पनि सामानमा लेखिएको भन्दा धेरै बढी मूल्य तिर्न उपभोक्ता बाध्य छन्। चामल, खाने तेल, दाल, चिउरा, चियाको मूल्य पनि बढिरहेकै छ तर कुन वस्तुको मूल्य कति हो भन्ने पारदर्शिता छैन। पाउरोटी, बिस्कुटलगायतका बेकरी र चाउचाउको मूल्य पनि बढेको छ।

स्थानीय तह र मुलुकमै उत्पादन गरिएका सामानमा उल्लेख भएको मूल्यभन्दा बढी मूल्यमा बिक्री भइरहेको अवस्था छ। साना व्यापारीहरुका अनुसार थोक बिक्रेताहरुले नै उत्पादन मूल्यभन्दा बढी मूल्यमा बेच्ने गरेकाले महँगोमा बेच्नुपरिरहेको बताउँछन्। अर्कोतर्फ थोक व्यापारीहरुले खुद्रा व्यापारीहरुलाई सामानको बिल दिने गरेका छैनन्। उपभोक्ताहरु पनि बिल लिनबाट बंचित देखिएका छन्। बिल मागेमा छैन भन्दै व्यापारीहरु सोझै छल्ने काम गर्दै आएका छन्।

सामानमा उल्लेख भएभन्दा बढी मूल्य तिर्ने अवस्था रहीरहे उपभोक्ता मारमा पर्ने र यसले केहि वर्ग मगन्य कमाउने र अर्को वर्ग कमजोर हुनेछ। तसर्थ यसतर्फ स्थानीय प्रशासनसहित सम्पूर्ण सरोकारवालाको ध्यान जानु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# २१ खर्ब खर्चेर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने संघ र प्रदेशको अठोट

**रमेश लम्साल**
काठमाडौँ, ५ असार (रासस)।

सङ्घीय सरकार र प्रदेश सरकारले संयुक्तरूपमा आगामी आवमा कूल रु २१ खर्ब बराबरको बजेट खर्च गर्ने भएका छन्। सङ्घीय सरकारको तर्फबाट अर्थमन्त्री जनार्दन शर्माले गत जेठ १५ गते सङ्घीय संसद्को दुईवटै सदनको संयुक्त बैठकमा आगामी आवको बजेट प्रस्तुत गर्नुभएको थियो। यस्तै, प्रदेश सरकारका तर्फबाट अर्थमन्त्रीहरूले यही असार १ गते बजेट सार्वजनिक गरिसकेका छन्।

सङ्घीय सरकार र प्रदेश सरकारको कूल रु २० खर्ब ९९ अर्ब २९ करोड बराबरको बजेट प्रस्तुत भएको देखिन्छ। आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न सङ्घीय सरकारले रु १७ खर्ब ९३ अर्ब ८३ करोड विनियोजन गरेको छ।

कूल विनियोजनमध्ये चालुतर्फ रु सात खर्ब ५३ अर्ब ४० करोड अर्थात् ४२ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ८० अर्ब ३८ करोड अर्थात् २१.२ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ३० अर्ब २२ करोड अर्थात् १२.८ प्रतिशत र प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु चार खर्ब २९ अर्ब ८३ करोड अर्थात् २४ प्रतिशत बराबरको बजेट विनियोजन गरिएको छ।

सङ्घीय सरकारले आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु १२ खर्ब ४० अर्ब ११ करोड र वैदेशिक अनुदानबाट रु ५५ अर्ब ४६ करोड व्यहोर्दा रु चार खर्ब ९८ अर्ब २६ करोड न्यून हुनेछ। सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट रु दुई खर्ब ४२ अर्ब २६ करोड जुटाउनेछ। राजस्व परिचालन र वैदेशिक अनुदान तथा ऋण सहायता परिचालन गर्दा नपुग हुने खुद रु दुई खर्ब ५६ अर्ब आन्तरिक ऋणबाट व्यहार्ने गरी प्रबन्ध गरिएको छ।

प्रदेशतर्फको हिसाब गर्दा कूल रु तीन खर्ब पाँच अर्ब ४६ करोड २६ लाख बराबरको बजेट आगामी आवका लागि प्रस्तुत गरेका छन्। प्रदेश सरकारहरूले पनि सङ्घीय सरकारले जस्तै अर्थतन्त्रको उन्नयन, उत्पादकत्व वृद्धि, आत्मनिर्भर अर्थतन्त्रको निर्माण तथा कृषि क्षेत्रको विकासलाई नै मूलरूपमा प्राथमिकतामा राखेका छन्।

कर्णाली प्रदेश सरकारको बाहेक अरु सबै प्रदेशले आगामी आवको बजेटमा उल्लेख्यरूपमा वृद्धि गरेका छन्। चालु आवको तुलनामा रु ४४ अर्ब ४६ करोड बराबर बजेट वृद्धि गरेका छन्।

**प्रदेश नं १ को बजेट ३९ अर्ब ७३ करोड**

प्रदेश नं १ ले आगामी आर्थिक वर्षका लागि रु ३९ अर्ब ७३ करोड ८३ लाख बजेट प्रस्तुत गरेको छ। प्रदेश सरकारका अर्थमन्त्री इन्द्र आङ्बोले प्रदेशसभामा प्रस्तुत गर्नुभएको बजेट चालु आवको तुलनामा रु सात अर्ब २७ करोड बढी हो।

प्रदेश १ सरकारले चालु आवका लागि रु ३२ अर्ब ४६ करोड ९२ लाखको विनियोजन गरेको थियो। कूल विनियोजनमध्ये चालुतर्फ रु १४ अर्ब १६ करोड १५ लाख अर्थात ४३ दशमलव छ प्रतिशत, पूँजीगततर्फ रु १५ अर्ब पाँच करोड ३५ लाख अर्थात् ४६ दशमलव तीन प्रतिशत, स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु तीन अर्ब २२ करोड ४२ लाख अर्थात् १० प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ रु तीन करोड बराबर थियो।

प्रदेश एकलाई सङ्घीय सरकारले रु १९ अर्ब नौ करोड ९१ लाख बराबरको वित्तीय हस्तान्तरण गरेको छ। त्यसमा समानीकरणतर्फ रु नौ अर्ब ८२ लाख, सशर्त अनुदानतर्फ रु आठ अर्ब ६९ करोड, विशेष अनुदानतर्फ रु ५९ लाख ४७ करोड ५० लाख, समपुरक अनुदानतर्फ रु ९२ लाख बराबर उपलब्ध गराउनेछ।

**मधेस प्रदेश : ४६ अर्ब ८८ करोड**

मधेस प्रदेश सरकारले रु ४६ अर्ब ८८ करोड नौ लाख बजेट प्रस्तुत गरेको छ। अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले चालुतर्फ रु २१ अर्ब ७६ करोड ६७ लाख ९५ हजार (४६.४४ प्रतिशत), पूँजीगततर्फ रु २५ अर्ब ८२ करोड २० लाख ८० हजार (५३.२१ प्रतिशत) र सःशर्त अनुदानतर्फ रु १६ करोड २४ लाख ५४ हजार २०० (०.३५ प्रतिशत) बजेट विनियोजन गर्नुभएको छ।

मधेस प्रदेशको बजेट चालु आवको तुलनामा १३ अर्ब नौ करोड बढी हो। मधेस प्रदेशले चालु आवमा रु ३३ अर्ब ७९ करोडको बजेट सार्वजनिक गरेको थियो। त्यसमा चालूतर्फ रु १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार अर्थात् ४६.२६ प्रतिशत, पूँजीगततर्फ रु १८ अर्ब पाँच करोड ८० लाख ८३ हजार अर्थात् ५३.४४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु १० करोड अर्थात् ०.३० प्रतिशत बजेट विनियोजना गरिएको थियो।

आगामी आवका लागि सङ्घीय सरकारले मधेस प्रदेशलाई रु १९ अर्ब १५ करोड नौ लाख बराबरको बजेट उपलब्ध गराएको छ। त्यसमा समानीकरणतर्फ रु सात अर्ब ८१ करोड ५८ लाख, विशेष अनुदानतर्फ रु १० अर्ब छ करोड ५१ लाख, समपुरकतर्फ रु ४९ करोड अनुदान उपलब्ध हुनेछ।

**बागमती प्रदेश : ७० अर्ब ९३ करोड ९२ लाख**

बागमती प्रदेशले आगामी आवका लागि रु ७० अर्ब ९३ करोड ९२ लाख बराबरको बजेट प्रस्तुत गरेको छ। बागमती प्रदेश सरकारका अर्थमन्त्री शालिकराम जम्मकट्टेलले प्रस्तुत गर्नुभएको बजेट चालु आवको तुलनामा बागमतीको १३ अर्ब २१ करोड बढी हो। सङ्घीय राजधानीसमेत रहेको बागमती प्रदेश सरकारले चालु आवका लागि रु ५७ अर्ब ७२ करोडको बजेट सार्वजनिक गरेको थियो। त्यसमा चालूतर्फ रु २६ अर्ब एक करोड ६६ लाख २३ हजार र पूँजीगततर्फ रु २९ अर्ब ७० करोड ४३ लाख चार हजार विनियोजन गरेको थियो।

सङ्घीय सरकारले आगामी आवका लागि सो प्रदेशलाई रु २० अर्ब ३२ करोड ६६ लाख बरारबरको अनुदान उपलब्ध गराएको छ। त्यसमा सो प्रदेशलाई समानीकरण अनुदानतर्फ रु आठ अर्ब ४० करोड ४६ लाख, सशर्त अनुदान रु १० अर्ब नौ करोड २० लाख, विशेष अनुदान ७९ करोड र समपुरक अनुदान रु एक अर्ब चार करोड उपलब्ध गराउनेछ।

**लुम्बिनी प्रदेश : ४२ अर्ब ६३ करोड ५७ लाख**

लुम्बिनी प्रदेशले आगामी आर्थिक वर्षका लागि रु ४२ अर्ब ६३ करोड ५७ लाखको बजेट प्रस्तुत गर्नुभएको छ। अर्थमन्त्री कृष्णध्वज खड्काले प्रस्तुत गर्नुभएको बजेट चालु आवको तुलनामा एक अर्ब ६८ करोड बढी हो।

प्रदेश सरकारले चालु आवका लागि रु ४० अर्ब बराबरको बजेट प्रस्तुत गरेको थियो। आर्थिक वर्ष २०७८/७९ का लागि चालुतर्फ रु १४ अर्ब ९३ करोड ७३ लाख ४३ हजार तथा पूँजीगततर्फ रु २१ अर्ब १७ करोड ९९ लाख ६१ हजार बजेट विनियोजन भएको थियो। स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि रु चार अर्ब ८४ करोड २३ लाख ९६ हजार विनियोजन गरिएको थियो।

सङ्घीय सरकारले लुम्बिनी प्रदेशका लागि समानीकरण अनुदान रु आठ अर्ब ५४ करोड १७ लाख, सशर्त अनुदान रु आठ अर्ब ७१ करोड २२ लाख, रु ३८ करोड ३५ लाख विशेष अनुदान र समपुरकमा रु ७३ करोड ९० लाख गरी रु १८ अर्ब ४७ करोड ६४ लाख उपलब्ध गराएको छ।

**गण्डकी प्रदेश : ३५ अर्ब ९० करोड ९० लाख**

त्यस्तै गण्डकी प्रदेश सरकारको तर्फबाट आगामी आवका लागि अर्थमन्त्री रामजीप्रसाद बरालले रु ३५ अर्ब ९० करोड ९० लाख बराबरको बजेट प्रस्तुत गर्नुभएको छ। आगामी आवको बजेट चालु आवको तुलनामा रु पाँच अर्ब ८७ करोड बढी हो।

चालु आवका लागि सो प्रदेश सरकारले रु ३० अर्ब तीन करोड ९४ लाखको बजेट ल्याएको थियो। त्यसमा रु १३ अर्ब छ करोड ४७ लाख चालुतर्फ रु १६ अर्ब ७३ करोड ४६ लाख पूँजीगत तथा २४ करोड वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरिएको थियो। त्यसमा सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदान रु सात अर्ब ४२ करोड पाएको थियो। सशर्त अनुदान रु चार अर्ब १८ करोड, समपूरक अनुदान रु ८७ करोड, विशेष अनुदान रु ५४ करोड, राजस्व बाँडफाँट रु सात अर्ब ६२ करोड र रोयल्टीबाट रु ३० करोड पाउने प्रदेश सरकारको अनुमान थियो।

गण्डकी प्रदेशले आगामी आवका लागि सङ्घीय सरकारबाट रु १६ अर्ब ५४ करोड ३२ लाख बजेट पाएको छ। त्यसमा समानीकरण अनुदान रु सात अर्ब ९२ करोड ७९ लाख, ससर्त अनुदान रु छ अर्ब ९१ करोड ८३ लाख, विशेष रु ८६ करोड र समपुरक अनुदान रु ८३ करोड ३० लाख पाउनेछ।

**कर्णाली प्रदेश : ३२ अर्ब ६१ करोड ६१ लाख**

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि रु ३२ अर्ब ६१ करोड ६१ लाख बजेट प्रस्तुत गरेको छ। अर्थमन्त्री विन्दमान विष्टले प्रस्तुत गर्नुभएको बजेट चालु आवको तुलनामा रु तीन अर्ब ९३ करोडले कम हो।

चालु आवका लागि कर्णाली सरकारले रु ३६ अर्ब ५४ करोडको बजेट प्रस्तुत गरेको थियो। त्यसमा पूँजीगततर्फ रु २१ अर्ब ६५ करोड ३९ लाख १३ हजार र चालुतर्फ रु ११ अर्ब ४९ करोड २७ हजार ७० हजार बजेट विनियोजन गरिएको थियो। यस्तै कर्णालीमा समानीकरण अनुदान रु १० अर्ब ७२ करोड ६४ लाख, विशेष अनुदान रु पाँच अर्ब ६९ करोड ६७ लाख र रु ६६ करोड ८० लाख समपुरकलगायत कूल रु १८ अर्ब ३० करोड ६१ लाख हस्तान्तरण हुनेछ।

**सुदूरपश्चिम प्रदेश : ३६ अर्ब ७४ करोड ६४ लाख**

सुदूरपश्चिम प्रदेश सरकारका अर्थमन्त्री प्रकाश रावलले आगामी

*बाँकी तीन पृष्ठमा*

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चालु आव सकिन २७ दिन बाँकी, पुँजीगत खर्च एक खर्ब ४० अर्ब मात्रै

काठमाडौं, ५ असार (रासस)।

चालु आर्थिक वर्ष सकिन अब २७ दिन बाँकी छ। सरकारले कूल रु तीन खर्ब ७८ अर्ब नौ करोड ७७ लाख बराबरको पुँजीगत खर्च गर्ने लक्ष्य राखेको थियो।

हालसम्मको विवरण हेर्दा मात्रै रु एक खर्ब ४० अर्ब १६ करोड ४५ लाख बराबर मात्रै पुँजीगत खर्च गरिएको छ। प्रतिशतका आधारमा हेर्दा यो ३७ दशमलव शुन्य सात मात्रै हो।

सरकारले विकास निर्माणको काममा हुने खर्च बढाउने र त्यसका लागि सबै उपाय अवलम्बन गर्ने भने पनि त्यसअनुसार हुन सकेको छैन। अर्थमन्त्री जनार्दन शर्माले मासिक १० प्रतिशत बराबरको खर्च गर्ने घोषणा गर्नुभएको थियो।

यद्यपि घोषणाअनुसार काम हुन सकेन। केही दिन पहिले राससससँगको कुराकानीका क्रममा उहाँले आगामी आवमा तोकिएअनुसारको खर्च गराउनका लागि सबै उपाय अवलम्बन गर्ने दृढता व्यक्त गर्नुभएको थियो।

सरकारको खर्चको हिसाब किताब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले अपेक्षाकृतरुपमा विकास निर्माणको काममा खर्च गर्न सकेको छैन। यही असार ४ गते शनिबारसम्म सरकारको कूल खर्च ६४.५५ प्रतिशत बराबर भएको छ। त्यसमा चालुतर्फको खर्च सबैभन्दा बढी छ। त्यसका कर्मचारीको तलब भत्ता, दैनिक खर्च जोडिएको हुन्छ।

चालु खर्च ७७.२ प्रतिशत बराबर भएको छ। त्यो भनेको रु आठ खर्ब २२ अर्ब ४५ करोड ६५ लाख बराबर हो। सरकारले चालु आवमा चालुतर्फ कूल रु १० खर्ब ६५ अर्ब २९ करोड ३९ लाख बराबर खर्च गर्ने लक्ष्य राखेको थियो।

यस्तै वित्तीय व्यवस्थातर्फ हालसम्म कूल रु ९१ अर्ब ३७ करोड ६८ लाख बराबर खर्च गरिएको छ। चालु आवमा सरकारले रु एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख बराबरको बजेट वित्तीय व्यवस्थाका लागि छुट्याएको थियो। त्यसमा दातृ निकायलाई तिर्नुपर्ने ऋणको साँवा र ब्याजको हिस्सा रहेको छ।

सरकारले विभिन्न दातृ निकायसँग लिएको ऋण तिर्ने विभिन्न समयसीमा हुन्छ। सोही आधारमा दायित्व भुक्तानी गर्नुपर्छ। कूल लक्ष्यमध्ये हालसम्म ४८.२४ प्रतिशत बराबरको वित्तीय व्यवस्थातर्फको खर्च भएको छ।

सरकारले चालु आवमा कूल रु ११ खर्ब ८० अर्ब ६० करोड चार लाख बराबरको राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको छ। त्यसमध्ये हालसम्म रु नौ खर्ब ४८ अर्ब २० करोड ९७ लाख बराबरको राजस्व सङ्कलन गरेको छ। यो कूल लक्ष्यको ८०.२३ प्रतिशत बराबर हो। त्यसमा कर राजस्व रु आठ खर्ब ७८ अर्ब ३३ करोड एक लाख बराबर सङ्कलन भएको छ।

यसमा भन्सारलगायतका राजस्व समावेश छन्। चालु आवमा कर राजस्वतर्फ रु १० खर्ब ६७ अर्ब ९६ करोड २५ लाख बराबर सङ्कलन गर्ने सरकारको लक्ष्य छ। कूल लक्ष्यमध्ये हालसम्म ८२.२४ प्रतिशत सङ्कलन भएको छ।

त्यस्तै गैरकरतर्फ रु एक खर्ब १२ अर्ब ६३ करोड ७९ लाख बराबर सङ्कलन गर्ने लक्ष्य राखेकामा हालसम्म रु ६९ अर्ब ८७ करोड ९६ लाख बराबर अर्थात् ६२.०४ प्रतिशत सङ्कलन भएको छ।

यस्तै अनुदानतर्फ रु ५९ अर्ब ९१ करोड ९९ लाख सङ्कलन गर्ने लक्ष्य राखेकामा रु १३ अर्ब ८८ करोड ३३ लाख बराबर सङ्कलन भएको छ। यो कूल लक्ष्यको २३.१७ प्रतिशत हो।

अर्थमन्त्री शर्माले गत जेठ १५ गते सार्वजनिक गर्नुभएको आगामी आवको बजेटमा चालु आजको अन्त्यसम्म कूल सरकारी खर्च रु १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् ८८.६ प्रतिशत बराबर हुने संशोधित अनुमान प्रस्तुत गर्नुभएको छ। कूल सरकारी खर्चमध्ये चालु खर्च रु नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात ९१.२ प्रतिशत, पुँजीगत खर्च रु तीन खर्ब नौ करोड अर्थात् ७९.४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात् ९२.७ प्रतिशत खर्च हुने संशोधित अनुमान अर्थमन्त्रीले प्रस्तुत गर्नुभएको छ।

चालु आर्थिक वर्षमा राजस्व परिचालन लक्ष्यको हाराहारीमा नै रही रु ११ खर्ब ५२ अर्ब ४२ करोड सङ्कलन हुने अनुमान छ। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १८ प्रतिशतले बढी हो।

चालु आर्थिक वर्ष वैदेशिक सहायता तर्फ अनुदान रु २४ अर्ब ८१ करोड र ऋण रु एक खर्ब ७२ अर्ब ८८ करोड परिचालन हुने संशोधित अनुमान छ। चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म रु एक खर्ब ३५ अर्ब आन्तरिक ऋण उठाइसकिएको छ। चालु आर्थिक वर्षमा रु दुई खर्ब ३१ अर्ब ३० करोड आन्तरिक ऋण परिचालन हुने अवस्था छ।

### २१ खर्ब खर्चेर ...

आवका लागि रु ३६ अर्ब ७४ करोड ६४ लाख बजेट प्रस्तुत गर्नुभएको छ। जुन चालु आवको तुलनामा रु छ अर्ब बढी हो।

सो प्रदेश सरकारले चालु आवका लागि रु ३० अर्ब ३३ करोडको बजेट प्रस्तुत गरेको थियो। कूल विनियोजितमध्ये चालुतर्फ रु १० अर्ब ६६ करोड नौ लाख तीन हजार र पूँजीगततर्फ रु १७ अर्ब ६५ करोड ४० लाख ५२ हजार रहेको थियो। विनियोजनमध्ये अन्तर सरकारी वित्त हस्तान्तरणअन्तर्गत रु एक अर्ब ७२ करोड ४५ लाख, वित्तीय व्यवस्थातर्फ रु ३० करोड विनियोजन गरिएको थियो। प्रदेश सरकारले आव २०७७/७८ का लागि रु ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजारको बजेट विनियोजन गरेको थियो।

सङ्घीय सरकारले सुदूरपश्चिम प्रदेशलाई रु १७ अर्ब ५५ करोड ८३ लाख वित्तीय हस्तान्तरण गर्नेछ। त्यसमा समानीकरण अनुदानतर्फ नौ अर्ब ७५ करोड रहेको छ। सशर्त अनुदानतर्फ रु छ अर्ब ९८ करोड ८० लाख, विशेष अनुदान रु ९७ करोड ७८ लाख र समपूरकमा रु ७६ करोड ५० लाख उपलब्ध गराउनेछ।

सङ्घीय सरकारले प्रदेशमा गर्ने वित्तीय हस्तान्तरणतर्फ समानीकरणअन्तर्गत न्यूनतम अनुदान सबै प्रदेशमा गरेर जम्मा रु १५ अर्ब ३५ करोड ८० लाख, सूत्रमा आधारित अनुदान रु ४३ अर्ब ७७ करोड तीन लाख र कार्यसम्पादनमा आधारित अनुदान रु दुई अर्ब ३० करोड ३८ लाख गरी कूल रु ६१ अर्ब ४३ करोड २१ लाख व्यवस्था गरिएको छ। प्रदेशमा पठाइएको बजेटमध्ये चालु रु ७७ अर्ब ९२ करोड एक लाख र पूँजीगततर्फ रु ५१ अर्ब ५४ करोड पाँच लाख बराबर छ।


## सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी तिलाठी कोइलाडी वडा नं. ८ बस्ने भूमिका यादवको NEB रजिष्ट्रेशन नं. ७७०५२०१६२ भएको कक्षा १२ को माइग्रेशन सर्टिफिकेटसहित अन्य कागजात भएको फायल राजविराज नगरपालिकास्थित भगवति मन्दिरदेखी जिल्ला प्रशासन कार्यालय सप्तरीतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ।

आग्रहकर्ता भूमिका यादव
मोबाइल नं. ९८०४७४५२८२


## राजविराज नगरपालिका
## ३ नं. वडा कार्यालय राजविराज, सप्तरी
## सूचना

मिति : २०७९/०३/०५

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. ४ हाल वडा नं. ३ बस्ने उमा शंकर आनन्द र संजय कुमार आनन्दले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७९/०३/०५ मा द.न. ४४२ को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला। अन्यथा कानुन बमाजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.वि.न.पा.वडा नं. ३ बस्ने श्री बालेश्वर प्रसाद साह नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | भंगहा | ८ | ५८५ | ०-२-० |
| सप्तरी | रामपुर जमुवा | १ ख | १२८ | ०-९-४ १/२ |
| सप्तरी | रामपुर जमुवा | ७ क | १४ | ०-१२-४ १/२ |
| सप्तरी | रामपुर जमुवा | ७ क | २६ | ०-७-१६ |
| सप्तरी | रामपुर जमुवा | ७ ख | २२ | ०-९-१७ १/२ |

अनिल कुमार दास
वडा अध्यक्ष


## डा. आदर्श कुमार सिंह

**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### भारतको आसाम र मेघालयमा बाढी, ३२ को मृत्यु

नयाँदिल्ली, ५ असार (रासस/सिन्ह्वा)।

भारतको आसाम र मेघालयमा आएको व्यापक बाढीमा परेर कम्तीमा पनि ३२ को ज्यान गएको छ।

असाम र मेघालयमा शुक्रबारदेखि बाढी पहिरोको प्रकोप बढेको बताइएको छ। भारतीय उत्तर पश्चिमी यी दुई राज्यमा वर्षा आइतबार पनि जारी रहेको बताइएको छ।

असामको विपद् व्यवस्थापन विभागका अनुसार असाममा शुक्रबारदेखि निरन्तर वर्षा जारी रहेको पाइएको छ। असाममा मात्र बाढीमा परेर १३ को ज्यान गएको बताइएको छ। यहाँका २८ जिल्लामा बाढी आएको र त्यसमा परेर कम्तीमा पनि १८ लाखभन्दा बढी मानिस प्रभावित भएका छन्।

उता मेघालयका पनि दर्जनौं जिल्लामा बाढीको प्रकोप बढेको छ। ती जिल्लामा शनिबारसम्ममा १९ को ज्यान गएको बताइएको छ। यी जिल्लामा शनिबार रातिसम्म पनि वर्षा जारी रहेको बताइएको छ। यहाँको मौसम विभागले बाढीको प्रकोप रहेकाले सतर्कत अपनाउन सूचना जारी गरेको छ।

### अफगानिस्तानको मन्दिरमा भएको हिंसात्मक हमलाको पाकिस्तानद्वारा निन्दा

इस्लामावाद, ५ असार (रासस/सिन्हवा)।

अफगानिस्तानको एक मन्दिरमा भएको हिंसात्मक हमलाको पाकिस्तानले निन्दा गरेको छ। शनिबार अफगानिस्तानको राजधानी काबुलमा भएको हमलामा परी कैयौँको ज्यान गएको थियो। सो हमलाको पाकिस्तानको विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत् निन्दा गरेको छ।

पाकिस्तानी विदेश मन्त्रालयले शनिबार एक विज्ञप्ति प्रकाशन गरी सो मन्दिरमा हमला गरी निर्दोष नागरिकको हत्या गर्ने काम निन्दनीय रहेको बताइएको छ। सो विज्ञप्तिमा आतङ्ककारी कियाकलापको निन्दा गर्दै यसमा सङ्लग्नलाई कडा कारबाही गर्न पनि आग्रह गरिएको छ। साथै सो विज्ञप्तिमा पाकिस्तान सबै खाले आतङ्कवादको विरोध गर्दछ भन्दै पाकिस्तान अफगान जनताको साथमा रहेको बताइएको छ।

### राष्ट्रपति जेलेन्स्कीको देशको दक्षिणी भाग पुनःफिर्ता लयाउँने प्रतिवद्धता

कीभ, ५ असार (रासस-एएफपी)।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आइतबार आफ्नो सेनाले “दक्षिणी भाग कसैलाई नदिने” वाचा गरेको र त्यसलाई पुनःफिर्ता ल्याउँन आफूले निर्णायक कदम चाल्ने बताएका छन्। सुरक्षा फ्रन्टलाइनको भ्रमणका क्रममा उनले सो कुरा बताएका हुन्। यसैबीच नेटोका प्रमुखले युक्रेनमा युद्ध लामै समयसम्म जारी रहन सक्ने चेतावनी दिएका छन्।

कीभ बाहिर दुर्लभ यात्रा गर्ने क्रममा राष्ट्रपतिले होल्ड-आउट ब्ल्याक सी शहर माइकोलाइभको यात्रा गरेको र नजिकै रहेको ओडेसा रेगमा सैन्य क्याम्पको भ्रमण गरेका हुन्।

“हामी दक्षिण कसैलाई दिनेछैनौं, हामी हाम्रो सबै चीज फिर्ता गर्नेछौं, युक्रेन र युक्रेनी सुरक्षित रहनेछन्,” उनले कीभ फर्कने क्रममा टेलिग्राममा पोस्ट गरिएको भिडियोमा सो कुरा जनाइएको छ। भ्रमणका क्रममा आफूले सेना र प्रहरीसँग कुराकानी गरेको पनि उनले बताएका छन्।

यसैबीच नेटोका महासचिव जेन्स स्टोल्टेनबर्गले चेतावनी दिँदै युद्ध लामो समय जान सक्ने र “हामी यसका लागि वर्षौंसम्म तयार रहनुपर्छ” भनेका छन्।

जर्मन दैनिक पत्रिका बिल्डसँग कुरा गर्दै, स्टोल्टेनबर्गले भने, “हामीले युक्रेनलाई हाम्रो समर्थनमा कमजोर हुन दिनु हुँदैन, यद्यपि लागत उच्च भए पनि - सैन्य सहयोगको हिसाबले मात्र होइन तर ऊर्जा र खाद्यान्नको मूल्य बढेको कारण पनि।” यो जटिल भएको छ। रूसी सेनाले हालैका हप्तामा युक्रेनको पूर्वी र दक्षिणमा आफ्नो फायरपावरलाई निर्देशित गरेको छ किनभने तिनीले क्यापिटल लिने प्रयासमा असफल भएका छन्।

“नोक्सानी ठूलो छ। धेरै घर ध्वस्त भएका छन्। नागरिक रसद अवरुद्ध छ। त्यहाँ धेरै सामाजिक समस्या छन्,” जेलेन्स्कीले भने। “मैले आफ्ना प्रियजन गुमाएका मानिसलाई थप प्रणालीगतरूपमा सहयोग गर्ने जिम्मेवारी दिएको छु। हामी पक्कै नष्ट भएका सबै चीज पुनःस्थापित गर्नेछौं। रुससँग हाम्रा मानिसको बाँच्ने इच्छा जति मिसाइल छैनन्।” उनले भने।

ओडेसाका रणनीतिक ब्ल्याक सी बन्दरगाहको बाटोमा रहेको माइकोलाइभ रूसको लागि प्रमुख लक्ष्य हो। “त्यहाँ एउटा अभिव्यक्ति छ: सबैभन्दा खराबको लागि तयार हुनुहोस् र सबैभन्दा राम्रो आफैं आउनेछ,” पूर्वीलुगान्स्क क्षेत्रका गभर्नर सर्गी गैडेले एएफपीलाई युक्रेनी-नियन्त्रित शहर लिसिचान्स्कबाट सेभेरोडोनेत्स्क नदी पार गरेको अन्तर्वार्तामा भनेका छन्। “अवश्य पनि हामीले तयारी गर्नुपर्छ।”

# चित्रगुप्त सेवा समितिको अध्यक्षमा विमल कर्ण

**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

चित्रगुप्त सेवा समितिको अध्यक्षमा विमलकुमार कर्ण निर्वाचित भएका छन् ।

शनिबार सम्पन्न निर्वाचनमा कर्णले १ सय २१ मत प्राप्त गरे भने उनका निकटतम् प्रतिद्वन्द्वी सतिशकुमार दत्तले ६६ मत प्राप्त गरे ।

यसैगरी सचिवमा सुरेन्द्रकुमार कर्ण, उपाध्यक्षमा रमेश मल्लिक, महासचिवमा रणधीरकुमार कर्ण, कोषाध्यक्षमा राजेशकुमार कर्ण निर्वाचित भएका छन् ।

यस्तै सदस्यहरूमा दिलीपकुमार दास, महेशचन्द्र दास, विप्लव आनन्द, रीताकुमार मल्लिक तथा राजिवकुमार कर्ण 'पंकज' र राजीवकुमार कर्ण सर्वसम्मतिले निर्वाचित भएका छन् ।

# मोटरसाइकलले ठक्कर दिँदा मृत्यु

जलेश्वर, ५ असार (रासस) ।

मोटरसाइकलले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक रञ्जन मिश्रका अनुसार गौशाला नगरपालिका-४ मगरटोल बस्ने ५० वर्षीय गणेशबहादुर थापामगरको गौशाला बजारबाट साइकलमा घर जाने क्रममा सोही दिशाबाट बर्दिबासतिर जाँदै गरेको ज१ए५ २०६६ नंको मोटरसाइकलले ठक्कर दिँदा मृत्यु भएको हो ।

ठक्करबाट गम्भीर घाइते भएका थापालाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर लगिएकामा उपचारका क्रममा सोही अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

फरार मोटरसाइकल चालकको खोजतलास भइरहेको जनाइएको छ ।

## *मतदाता नामावली ...*

नामावलीमा महिला, दलितसहित सिमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।

मतदाता नामावलीमा दलित, महिलाहरू छुटेकोले त्यस्ता मतदाताहरूलाई समावेश गर्न निर्वाचन कार्यालय कार्यालयले वडास्तरमा टोली खटाएर टोकन प्रक्रिया अपनाई व्यवस्थापन गरी मतदाता नामावली समावेश गर्नुपर्ने उनले सुझाव दिए ।

सो अवसरमा राजबिराज नगरपालिका वडा १० का वडा अध्यक्ष गंगाराम खंगले दलित, महिला वर्गमा जनचेतनालाई सचेत गराएर छुटेका मतदाता नामावली संकलन गर्नुपर्ने सुझाव दिए ।

जिल्ला निर्वाचन कार्यालय प्रमुख रमेश कुमार जोशीले जनशक्तीको अभावका कारण मतदाता नामावली संकलन गर्न कठिनाई हुने गरेको बताए । उनले मतदाता नामावली संकलन गर्न नियमित प्रक्रिया भएकोले मतदाता नामावलीमा नाम दर्ता गरी आफ्नो मतदाता नामावलीमा नाम सुरक्षित गर्न आग्रह गरे ।

कार्यक्रममा बिष्णुपुर गाउपालिका कार्यपालिका सदस्य अशोक राम, निर्वतमान जिसस सदस्य लक्ष्मी साफी, दलित अगुवा बौवा लाल शर्मा (खंग), महिला अगुवा मालती सदा लगायतले मतदाता नामावली संकलन कार्यलाई सहज बनाई मतदाता शिक्षा संचालन गर्न सुझाव दिएका थिए भने कार्यक्रमको संचालन संस्थाका राजकुमार पासवानले गरेका थिए ।

# चेतनाको अभावमा कुपोषण दर बढ्यो



**दैनिक समाचारदाता**
**राजविराज, ५ असार ।**

चेतनाको अभावमा कुपोषण दर बढेकोले जनचेतना फैलाउनु पर्ने एक कार्यक्रमका सहभागीहरूले जोड दिएका छन् ।

आइतवार राजबिराज वडा नं. ९ बिहारपुर बहुक्षेत्रिय पोषण योजना दोस्रो (एम.एस.एन.पी.) वडा स्तरिय पोषण तथा खाद सुरक्षा निर्देशक समितिको एक दिने अभिमुखिकरण कार्यक्रममा सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा राजबिराज ९ का वडा अध्यक्ष जवाहर यादबले चेतनाको अभावका कारण कुपोषणको दर बढेकोले जनचेतना फैलाउनु पर्नेमा जोड दिए । कुपोषण दर घटाउन जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने भएकोले वडाको योजना बनाउदाँ पोषण सम्बन्ध बजेट छुट्याउने उनले बताए ।

नगरमा गर्भवति, सुत्केरी महिलाहरूलाई कुपोषणमा सुधार ल्याउन बैठकको आयोजना गरिएको नगर पोषण सहजकर्ता रंजिता यादबले बताईन ।

गर्भवति तथा सुत्केरी महिलाहरूलाई खानपान, स्याहार र सरफाईमा उचित ध्यान दिन तथा जनचेतना फैलाउनका लागि सुनौलो हजार दिनका महिलाहरूलाई शिशु स्याहार गर्न र कुपोषण दर घटाउन सहजिकरण गरिएको नगरपालिका सहजकर्ता यादबले बताईन ।

बैठकमा महिलाहरूलाई शिशु स्याहारसँगै उनीहरूलाई हरेक बार खाना चार अर्थात अन्य, दलहन, पहेलो फलफुल, सागसब्जी र पशुजन्य खाना खुवाउन गरि चार समुहका खाना खुवाउनु पर्ने बताईन ।

सुनौलो हजार महिलाहरूलाई बानी समेत व्यवहार र वालवालिकाहरूको कुपोषित हुन नदिन अभिमुखिकरण बैठकले टेवा पुग्ने बताईएको छ ।

राजबिराज नगरपालिका वडा ९ का अध्यक्ष जवाहर यादबको अध्यक्षतामा आयोजित अभिमुखिकरण कार्यक्रममा राजबिराज नगरपालिका पशु सेवा बिकास अधिकृत परमेश्वर यादब, राजबिराज ९ का वडा सदस्य चनदर यादब, कार्यपालिका सदस्य रेखा देबी मण्डल, महिला वडा फिरोजा खातुन, जनता आधारभुत बिद्यालय गढिया मलेठका शिक्षिका गिता यादब, महिला स्वास्थ स्वयमसेविका पुष्पा चौधरी लगायतको उपस्थिति रहेको थियो ।

## *उपप्रमुख साहमाथी ...*

सुरु गरे । त्यस क्रममा पनि उनले आफूहरु कसैलाई उजाड बनाउन नभई बसाल्न आएको बताएका थिए ।

त्यसलगत्तै उनीमाथि आक्रमण भएको हो । तत्कालै पुगेको प्रहरी टोलीले उपप्रमुख किशोरीलाई सुरक्षा दिएर कार्यकक्षमा लगेको थियो ।

## *ग्रामिण बस्तीमा ...*

ग्यास प्लान्ट सेटमा खाना पकाउने चुलहासहित गोबर राख्ने प्लाष्टिकको कीट लगायतका सामग्री रहेको छ । एक घरपरिवारले वायो ग्यास प्लान्ट संचालन गर्न कम्तिमा २० केजी गोबर र ४० केजी पानी लाग्ने बताईएको छ ।

बैकल्पिक ग्रामिण उर्जा नविकरण अन्तर्गत ईजरायली सरकारको सहयोगमा होम बायो ग्यास प्लान्ट १५ बर्ष सम्मका लागि ग्यारेन्टी रहेको आबिष्कार ईनर्जीका श्रेष्ठले बताए ।

उक्त अवसरमा राजबिराज नगरपालिका वडा अध्यक्ष जवाहिर यादब, कार्यपालिका सदस्य मनोज साह, वडा सदस्य चन्दर यादब, पत्रकार चन्दन यादब लगायत स्थानियहरूको उपस्थिति रहेको थियो ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## गर्मी र बर्षातको समयमा खाना खाँदा ध्यान दिऔं !

- बासी र सडेगलेका खानेकुराहरू नखाऔं।
- पाकेको खाना मात्र खाऔं।
- झिङ्गा र भुसुना भन्किन नदिऔं। खानेकुरा छोपेर राखौं।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*